# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल


प.सं.:२०८१/०८२
च.नं.: ९८

मिति: २०८२।०३।३२

***सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना।***

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९, तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले आगामी आर्थिक बर्ष २०८२/८३ का लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि ***२०८२ श्रावण ०१ गते देखि भाद्र मसान्तभित्र*** देहाय बमोजिमको कागजातहरू संलग्न राखी **राष्ट्रिय परिचयपत्र (NIN) को आधारमा Biometric Verification**गरी परियचपत्र नवीकरण गर्नको लागि लाभग्राहीहरूले सम्बन्धित वडा कार्यालयमा स्वयंम उपस्थित भई परियचपत्र नवीकरण गराउनुहुन सम्पूर्ण लाभग्राहीहरूमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभएमा प्रणाली मार्फत स्वतः लगत कट्टा हुने र त्यस्ता लाभग्राहीहरूले पुनः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह निवेदन दिनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणका लागि आवश्यक कागजातहरू:**

- सामाजिक सुरक्षा भत्ताको सक्कल परिचयपत्र (कार्ड),
- राष्ट्रिय परिचयपत्र नम्बर,
- लाभग्राहीको पासपोर्ट साइजको फोटो २ प्रति र नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा दलित बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकआमा)/बुबा) को नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- एकल महिला ६० बर्ष माथिको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलपिसम्बन्ध ,विवाह नगरेको प्रमाणित पत्र , विच्छेद तथा न्यायिक पृथकीकरण गरी बसेका महिलाको हकमा सम्बन्ध विच्छेददर्ता प्रमाणपत्रको प्रतिलिपि अर्को विवाह नगरेको प्रमाणित पत्र,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणित पत्र,
- अपाङ्गता भएको व्यक्तिको हकमा जन्मदर्ता/नागरिकता प्रमाणपत्रको प्रतिलिपि अपाङ्गता परिचय पत्रको प्रतिलिपि र ,संरक्षकको नागरिकताको प्रतिलिपि,

***पुनश्चःराष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३३९, मिति २०८२।०३।३० गतेको प्राप्तपत्रबाट आ.व २०८२।८३ को बजेट वक्तव्यको बुँदा नं. ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि)७० वर्ष पुरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही वमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण हुने व्यहोरा अनुरोध छ ।***

*नोटः आफै उपस्थित हुन नसक्ने बालबालिका वा अपाङ्गता भएका व्यक्तिको हकमा निजको आधिकारिक संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।*

..............................
रोमन श्रेष्ठ
एम.आई.एस. अपरेटर

**बोधार्थः**

*श्री सूचना प्रविधि शाखाःWebsite मा सूचना Upload गरिदिनुहुन।*
*श्री वडा कार्यालय सबैः आ -आफ्नो वडाकार्यालयवाटसूचना प्रकाशन गर्नुहुन।*